# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, जेठ २३ गते, २०७६ साल (अतिरिक्ताङ्क ४


# भाग ३

## नेपाल सरकार
## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको
## सूचना

**सार्वजनिक खरिद (सातौं संशोधन) नियमावली, २०७६**

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम “सार्वजनिक खरिद (सातौं संशोधन) नियमावली, २०७६” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा संशोधन :** सार्वजनिक खरिद नियमावली, २०६४ (यस पछि “मूल नियमावली” भनिएको) को नियम ६५ को उपनियम (५), (६), (७) र (८) झिकिएका छन् ।

३. **मूल नियमावलीको नियम ६५क. मा संशोधन :** मूल नियमावलीको नियम ६५क. को सट्टा देहायको नियम ६५क. राखिएको छ :-

"६५क. मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्था : (१) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर भए नभएको सम्बन्धमा यकिन गरी त्यस्तो मुद्दा दायर भएको देखिएमा सम्बन्धित निकाय मार्फत नेपाल सरकार समक्ष लेखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखी आएमा नेपाल सरकारले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङ्कन गरी सक्नु पर्ने अवधिभित्र मूल्याङ्कन प्रक्रियामा समावेश नगर्न निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्देशन भई आएमा मूल्याङ्कन समितिले त्यस्तो प्रस्तावलाई मूल्याङ्कन प्रक्रियाबाट हटाई बाँकी प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेछ ।"

४. **मूल नियमावलीको नियम १२० मा संशोधन :** मूल नियमावलीको नियम १२० को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थप गरिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुनु अघि भएका खरिद सम्झौताको हकमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले

यो उपनियम प्रारम्भ भएको एक्काईस दिन भित्र म्याद थपको लागि निवेदन दिनु पर्नेछ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) र (१क)" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (४) मा रहेका "सम्बन्धित मन्त्रालयको सचिवले" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित मन्त्रालय वा निकायको सचिवले" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपनियम (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर यो उपनियम प्रारम्भ हुनु अघि भइसकेको खरिद सम्झौताको हकमा सुरु सम्झौताको पचास प्रतिशत वा सो भन्दा बढी म्याद थप भइसकेको र त्यसरी थप भएको म्यादमा समेत सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकेको अवस्थामा सम्झौता बमोजिमको कार्य प्रगति र बाँकी कार्यको विश्लेषण गरी म्याद थप गर्दा सम्झौता बमोजिम कार्य सम्पन्न हुन सक्ने देखिएमा यो उपनियम प्रारम्भ भएपछि बढीमा एक वर्षको लागि सम्बन्धित मन्त्रालय वा निकायको सचिवले म्याद थप गर्न सक्नेछ।"

(५) उपनियम (७) मा रहेका "उपनियम (३) र (४)" भन्ने शब्दहरुको सट्टा "उपनियम (३), (४) र (६)" भन्ने शब्दहरु राखिएका छन्।

५. **खारेजी** : मूल नियमावलीको नियम १४५ख. खारेज गरिएको छ।

**आज्ञाले,**
**डिल्लीराज घिमिरे**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३